# पत्रकारिताको आँखीझ्यालमा धनगढी र महेन्द्रनगर

कृष्ण अधिकारी

## परिचय

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका ९ जिल्ला[1] मध्ये कैलाली र कञ्चनपुर मात्रै तराई भेगमा पर्दछन्। अन्य ७ जिल्लाहरू पहाडी भेगमा अवस्थित छन्। धनगढी कैलालीको र महेन्द्रनगर कञ्चनपुरका मुख्य वजार हो। यस क्षेत्रभरि नै डोट्याली भाषाको प्रयोग गर्ने जनसङ्ख्या धेरै रहेको छ। तराईका दुई जिल्लामा थारू जाति धेरै छन् भने हिन्दीभाषीहरू पनि उल्लेखनीय रूपमा छन्।

अहिलेसम्मको अध्ययनले सुदूरपश्चिमाञ्चलमा २०२२ सालमा पहाडी जिल्ला दार्चुलाबाट पत्रकारिताको सुरूआत भएको देखाउँछ। तर यातायात र पत्रकारिताका लागि आवश्यक विभिन्न प्राथमिक पूर्वाधारहरूको सहज उपस्थिति कैलाली र कञ्चनपुरमा भएकाले तुलनात्मक रूपमा पत्रकारिताले यिनै जिल्लामा हुर्कने मौका पायो। तसर्थ यो अध्ययन पनि तराईका यी दुई जिल्लामा केन्द्रित छ। यस क्षेत्रको पत्रकारिताका अभ्यास, गतिविधि र अवस्थावारे यो लेखमा चर्चा गरिने छ। विशेष गरेर प्रकाशन गृहहरूको संस्थागत सक्षमता कस्तो छ? स्थानीय समाज र गतिविधि माथि यी प्रकाशन गृहहरू निगरानी राख्न सक्षम छन् कि छैनन्? आदि विषयहरूको विश्लेषण यो लेखमा गरिने छ। २०५८ पुसमा गरिएको स्थलगत अध्ययनको आधारमा यो लेख तयार गरिएको हो।

२०५८ माघसम्ममा धनगढीमा २८ र महेन्द्रनगरमा ३८ गरेर जम्मा ६६ ओटा पत्रिकाहरू दर्ता भएका छन्॥ धनगढीमा २ दैनिक, ३ साप्ताहिक तथा महेन्द्रनगरमा ४ दैनिक, ४ साप्ताहिक र २ मासिक गरेर जम्मा १५ ओटा पत्रिकाहरू नियमित छन्। यी पत्रिकाको विस्तृत विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

तालिकामा उल्लेख गरिएकावाहेक विभिन्न समयमा प्रकाशित भई निरन्तरता दिन नसकेका पत्रिकाहरू र विशेष अवसर अनि मौसममा निस्कने पत्रिकाहरूको सूची पनि लामै छ। त्यस्तै गरेर राजधानीवाट प्रकाशित *कान्तिपुर* ७००, *राजधानी* २५०, *नेपाल समाचारपत्र* १००, *स्पेसटाइम दैनिक* १५० तथा भारतवाट *अमर उजाला* र *जागरण* ५०० देखि ८०० प्रतिसम्म आउने गरेका छन्। केही पत्रिकाहरू विज्ञापन पाएको वेलामा मात्र प्रकाशित हुने गर्दछन्। तालिकामा उल्लेख भएकैमध्येका पत्रिकाहरू कहिलेकाहीं आन्तरिक समस्याका कारण पनि प्रकाशित हुंदैनन्। यी सवै

---

१ कैलाली, डोटी, अछाम, बझाङ, बाजुरा, वैतडी, डडेलधुरा, दार्चुला र कञ्चनपुर सदूरपश्चमाञ्चल विकास क्षेत्रका ९ जिल्लाहरू हुन्।

दैनिक पत्रिकाहरू हप्तामा ६ दिन मात्र प्रकाशित हुन्छन्। शनिवारको दिन सवै पत्रिकाले छुट्टी मनाउने गरेका छन्।

**तालिका १: नियमित प्रकाशित पत्रिकाहरू**

| क्र. सं. | पत्रिकाको नाम | स्थापना साल | सम्पादक | प्रकाशक | सर्कुलेसन# | जनशक्ति |
|---|---|---|---|---|---|---|
| | **धनगढी** | | | | | |
| १. | सेती समाचार दैनिक | २०५४ | धनवहादुर शाह | गोपाल हमाल | ५०० | ५ |
| २. | श्री नेपाल टाइम्स दैनिक | २०५६ | करूणाकर पाण्डे | रूद्रराज पनेरू | ७५० | ७ |
| ३. | हाम्रो परामर्श साप्ताहिक | २०५८ | रामलाल जोशी | रामलाल जोशी | १००० | ६ |
| ४. | युगज्ञान साप्ताहिक (टीकापुर) | २०५७ | सम थापा | सम थापा | ५०० | ४ |
| ५. | सुदूर सन्देश साप्ताहिक | २०५८ | हेमन्त पौडेल | हेमन्त पौडेल | ५०० | ४ |
| | **महेन्द्रनगर** | | | | | |
| ६. | फारवेष्ट दैनिक | २०५५ | कणदिव भट्ट | कणदिव भट्ट | १००० | १० |
| ७. | नयाँ मुलुक दैनिक | २०५३ | तेजवहादुर भण्डारी | तेजवहादुर भण्डारी | १००० | ७ |
| ८. | अभियान दैनिक | २०५३ | खेम भण्डारी | खेम भण्डारी | १००० | ११ |
| ९. | चुरे टाइम्स दैनिक | २०५७ | पञ्चमराज भट्ट | रामवहादुर चन्द | १००० हाल वन्द | १० |
| १०. | रहस्यदर्शी साप्ताहिक | २०५६ | पुरन थापा | पुरन थापा | १००० | ८ |
| ११. | महाकाली साप्ताहिक | २०४४ | लक्ष्मीप्रसाद जोशी | माधव धामी | ५०० | ५ |
| १२. | सहकर्मी साप्ताहिक | २०५८ | अशोक विक्रम जैरू | अशोक विक्रम जैरू | ५०० | ५ |
| १३. | श्री सार्थक साप्ताहिक | २०५३ | हरिप्रसाद जोशी | हरिप्रसाद जोशी | ५०० | ४ |
| १४. | गुगुल्डी मासिक* | २०५५ | वीरवहादुर चन्द | वीरवहादुर चन्द | २०० | ४ |
| १५. | कोसेली वालपत्रिका मासिक | २०५७ | मुकेश वुढा | मुकेश वुढा | २०० | ५ |

*स्रोत: स्थलगत अध्ययन*

\# पत्रिका स्रोतको डाबी अनुसार

* डोट्याली भाषाको पत्रिका

## पत्रिकामा छापिने सामग्री

यहाँका पत्रिकाहरूले समेट्ने विषयवस्तुहरू लगभग एकै किसिमका छन्। प्रायः पत्रिकाहरूमा राजनीतिक गतिविधिसँग सम्वन्धित सामग्रीको नै गतिलो उपस्थिति हुने गर्दछ। यी वाहेक अन्य आर्थिक, सामाजिक विषयहरूका सामग्री पनि स्थानीय पत्रिकाले समेट्ने गरेका छन्। सवै पत्रिकाहरूले राजनीतिक विषयहरूमा पनि स्थानीय नभएर राष्ट्रिय घटनाहरूलाई महत्त्वका साथ छाप्ने गरेका छन्। कतिपय अवस्थामा राजधानीवाट आउने ठूला पत्रिकाहरूका समाचारलाई हुवहु वा मिलाएर पनि राख्ने गरिएको छ। दैनिक र साप्ताहिक दुवै पत्रिकाले कहिलेकाहीं फिचर लेख पनि छाप्ने गर्छन्। भित्री पेजमा विभिन्न समसामयिक लेखहरू पढ्न पाइन्छ। स्तम्भकारहरूलाई प्रकाशन गृहले पारिश्रमिक दिने गरेका छैनन्। तर पनि भाउपन्थीले नाम मात्रको पारिश्रमिक पाएको वताउनुहुन्छ।[२]

पत्रिकामा विविध राष्ट्रिय वा अन्तर्राष्ट्रिय टुक्राटाक्री समाचार, लेखहरूले पनि भर्ने गरिएको छ। प्रायः गरेर स्वास्थ्य, खेलकुद र वातावरणसम्वन्धी लेख वा समाचारहरूले पनि स्थान पाउने गरेका छन्। साहित्य, कला र मनोरञ्जनसम्वन्धी समाचारलाई सवै पत्रिकाले सधैंजसो राख्ने गरेका छन्। विट प्रणालीलाई भने यहाँको पत्रिकाले अवलम्वन गर्न सकेका छैनन्। साप्ताहिक पत्रिकाहरूका पेज सङ्ख्या आठ सम्म भएकाले तुलनात्मक रूपमा कथा, कविता, चुट्किलाहरू अलि वढी समावेश हुने गर्दछन्। दैनिकहरूले राशिफल, यातायातसम्वन्धी जानकारी, खाद्यान्नको भाउ, सरकारी टेलिफोन नम्वर इत्यादि दिने गरेका छन्। कहिलेकाहीं दैनिक र साप्ताहिक दुवैले यस क्षेत्रका विभिन्न क्षेत्रसँग सम्वन्धित व्यक्तिहरूका अन्तरवार्ता, पाठक प्रतिक्रिया, समाचार र विज्ञापनले भर्ने गरेका छन्।

धेरै समाचारहरू स्थानीय अपराध, दुर्घटना र राष्ट्रिय गतिविधिसम्वन्धी हुने गरेका छन्। सीमासम्वन्धी अपराध र तस्करीका घटनालाई प्रायः सव पत्रिकाले समेट्ने प्रयास गरेका छन्। सामुदायिक वनको अतिक्रमणसम्वन्धी समाचारहरूलाई भने सवै पत्रिकाले राम्रैसँग समेटेका छन्। त्यस्तै गरेर स्वास्थ्यसम्वन्धी इन्सेफलाइटिस रोग लागिसकेर विरामी वढ्न थालेपछि यस विषयलाई खोतल्ने प्रयास प्रशस्तै भएका छन्।

यस क्षेत्रको मुख्य समस्याको रूपमा देखिएको कमैया सम्वन्धी विषयलाई सवै पत्रिकाहरूले समेटेका छन्। यसको अलावा सामुदायिक वनसम्वन्धी प्रत्येक दिन जसो समाचार पढ्न पाइन्छ। तुलनात्मक रूपमा धनगढीका दैनिक पत्रिकाहरूले आफ्ना स्थानीय विषयहरूलाई वढी समेट्ने गरेका छन्। सीमा विवाद र सीमा सम्वन्धी दुवै देशका छलफल हुने कुरालाई स्थानीय पत्रिकाले भन्दा राष्ट्रिय पत्रिकाले वढी समेटेका छन्। सीमापारीका भारतीय पत्रिकाहरूले पनि कहिलेकाहीं धनगढी, महेन्द्रनगर र दार्चुलाका स्थानीय समाचारलाई छाप्ने गरेका छन्। ती भारतीय पत्रिकाको यस क्षेत्रमा सम्वाददाता पनि रहेका छन्।[३] दलित, जनजाति र महिलासम्वन्धी विषयहरूको

---

२ डा. देवीप्रसाद ओभा, भाउपन्थी र आत्माराम ओभासँगको कुराकानीमा आधारित।

३ ऋषिराज.लुम्साली, मनमोहन स्वाँर, डि.आर. पन्त र करूणाकर पाण्डेसँगको कुराकानीवाट।

साथै फोटो र कार्टुनलाई स्थानीय पत्रिकाले उचित स्थान दिनसकेका छैनन्। क्षेत्रीय सञ्चार स्रोतकेन्द्रले दलित, कमैया, वातावरण, लैङ्गिक विभेद इत्यादि विषयमा फिचर सेवा प्रदान गरेको छ। यसको प्रयोग स्थानीय पत्रिकाले प्रशस्तै गरेको पाइन्छ। यस वाहेकका अन्य फिचर सेवाको प्रयोग नगण्य नै छ।

## संस्थागत स्वरूप र लगानी

धनगढी र महेन्द्रनगर दुवै ठाउँवाट प्रकाशित हुने अधिकांश पत्रिकाहरू एकल व्यवस्थापनवाट सञ्चालित छन्। महेन्द्रनगरको दुई ओटा पत्रिकामा सामूहिक प्रयासवाट चल्ने अभ्यास भएपनि दुवै व्यवस्थापकीय पक्षवाट असफल भएका छन्। *फारवेष्ट टाइम्स* प्रकाशित गर्दै आएको नेपाल फारवेष्ट पब्लिकेसन एन्ड इन्फरमेसन प्रा.लि. कम्पनीको रूपमा दर्ता भएपनि स्थापनाकालदेखि नै व्यक्तिगत तवरवाट सञ्चालन भइरहेको छ। व्यस्थापक को वन्ने भन्ने वारेमा विवाद भएर व्यवस्थापनका वीचमा नै कुरा नमिलेकाले कर्णदिव भट्ट एक्लैले प्रा.लि.को रूपमा यसलाई चलाइरहनु भएको छ। त्यस्तै *चुरे टाइम्स* दर्ताका दृष्टिले सामूहिक भएपनि व्यवहारमा एकल प्रयासवाट चलाइएको छ। अर्को अर्थमा भन्दा सेयरवाला वढी देखिएपनि समग्रमा सम्पादक/प्रकाशककै सक्रियतामा पत्रिका चलेका छन्।[४]

प्रकाशकहरू नै वा प्रकाशकका विश्वासिलो व्यक्ति नै प्रकाशन गृहको व्यवस्थापक हुँदै आएका छन्। अर्थात सम्वाददाता मध्येकै कोही विश्वासिलो भएर व्यवस्थापन हेरिरहेका अवस्थाहरू पनि पाइन्छन। तर पनि स्टाफहरू राख्ने वा कहाँ कसरी खटाउने भन्ने वारेमा प्रकाशकहरूले नै निर्णय गर्दछन्। अनि अधिकांश पत्रिकाका सम्पादक/प्रकाशक एकै व्यक्ति पनि रहेका छन्।

पत्रिकामा कति लगानी आवश्यक हुन्छ भन्ने वारेमा प्रकाशकहरूको आ-आफ्नो तर्क रहेको छ। दैनिक पत्रिका भए प्रेससमेत राख्दा १० लाखभन्दा वढी लगानी हुन्छ भने साप्ताहिक पत्रिका ५-७ लाखको लगानीमा पनि चलाउन सकिन्छ। छपाइका हिसावले प्रति अङ्क ५०० रूपैयाँ भएमा पोली प्लेट तयार हुन्छ। थप ५०० रूपैयाँ भएमा ५०० प्रतिसम्म छपाइ हुने हुनाले पनि साप्ताहिक पत्रिका निकाल्न खासै लगानी गर्नु पर्दैन। त्यसैले जो कोही पनि साप्ताहिक पत्रिका निकाल्न तम्सिहाल्छन्।[५]

प्रेसको राम्रो अनुभव नभएकाले महेन्द्रनगरमा *अभियान* पत्रिकामा करिव १५ लाख लगानी भएको छ। *चुरे टाइम्स*को भने प्रेस मर्मत खर्चले गर्दा लगानी १६ लाख पुगिसकेको छ। त्यस्तै *फारवेष्ट टाइम्स*लाई मिडिया विकास कोषबाट ऋण सहयोग प्राप्त छ। कोषको सहयोग प्राप्त भएपनि तत्कालीन समयमा प्राविधिक वस्तुको राम्रो ज्ञान नभएकाले अनावश्यक पूर्वाधारमा लगानी भएको रहेछ भन्ने भनाइ *फारवेष्ट टाइम्स*का सञ्चालक कर्णदिव भट्टको छ। *नयाँ मुलुक* दैनिकमा तेजवहादुर भण्डारीको कम्प्युटर सामग्रीमा ३ लाख लगानी भएको छ। धनगढीमा *सेती समाचार*को लागि

---

४ चित्राङ्ग थापा, रामबहादुर चन्द, पुरन थापासँगको कुराकानीबाट।

५ गणेश महर, कर्णदिव भट्ट र तेजवहादुर भण्डारीसँगको कुराकानीबाट।

धनवहादुर शाहले प्रेससमेत गरेर १० लाख लगानी गर्नुभएको छ। त्यस्तै करूणाकर पाण्डेले कम्प्युटर समेतको खर्च जोड्दा करिव ३ लाख लगानी गर्नु भएको छ। साप्ताहिक पत्रिकाको लागि कति लगानी भएको छ भन्ने वारेमा दुवै ठाउँबाट यकिन तथ्याङ्क पाउन सकिएन।

पत्रिकाका लगानीकर्ताहरूमा पत्रकारिता क्षेत्रका मानिसहरू नै वढी रहेका छन्। तर व्यापारिक क्षेत्रका व्यक्तिहरूवाट पनि पत्रिकामा लगानी गर्ने परीपाटी वस्न थालेको छ। निर्माण व्यवसायी सङ्घसँग आवद्ध रहेका युवा व्यापारीहरूले महेन्द्रनगरमा साप्ताहिक पत्रिका *रहस्यदर्शी* सञ्चालन गरिरहेका छन्। पत्रकारितासम्वन्धी तालिम र ज्ञान भएका व्यक्तिहरूले यसलाई सघाइरहेका छन्। ती वाहेक अरू सवै पत्रकारिता क्षेत्रसँगै सम्वन्धित रहेका छन्। पार्टीको मुखपत्र जस्तो देखिने केही पत्रिका प्रकाशित भएपनि पार्टीको पैसा भने परेको छैन। सामान्य आम्दानी भएका र केहीले व्यक्तिगत जायजेथा राखेर पत्रिका चलाइरहेका छन्। पत्रकारिता क्षेत्रमा लागेर मात्र गुजारा नचल्ने भएकाले अन्य क्षेत्रका मानिसहरू यस क्षेत्रमा आउने क्रम देखिँदैन। हालै मात्र महेन्द्रनगरमा सामूहिक प्रयासमा सञ्चालित *चुरे टाइम्स*को लगानीकर्तामा शिक्षकहरू देखिएका छन्। तर आन्तरिक व्यवस्थापन नमिलेका कारण *चुरे टाइम्स* बन्द भएको छ। मिडियामा महेन्द्रनगरमा जम्मा जम्मी ५० लाख धनगढीमा ३० लाख लगानी भएको देखिन आउँछ। महेन्द्रनगरमा *नयाँ मुलुक* वाहेक सवै दैनिक पत्रिकाको आफ्नै प्रेस छ। धनगढीमा *सेती समाचार*को मात्रै आफ्नै प्रेस छ।

राजनैतिक पार्टीको पैसावाट पत्रिका नचले पनि पार्टीप्रति वफादार भएका र भोलिका दिनमा पार्टीले आफूहरूलाई स्थान दिन सक्छ भन्ने मान्यता लिएका व्यक्तिहरू महेन्द्रनगरमा धेरै रहेका छन्। यो अवस्था धनगढीमा छैन।

## समाचारका स्रोत/जनशक्ति

पत्रिकामा आउने समाचार सङ्कलन गर्न प्रकाशन गृहले नै सम्वाददाता पठाउने गरेका छन्। विट हेर्ने प्रणाली नभएकाले एउटै व्यक्ति (रिपोर्टर)ले धेरै विषयका समाचारहरू हेर्नुपर्ने हुन्छ। सम्वाददाता वाहेक विभिन्न सरकारी कार्यालय वा अन्य ठाउँवाट पनि औपचारिक कार्यक्रमका समाचारहरू कार्यक्रम गर्नेहरूले नै सम्प्रेषण गरिदिने गरेका छन्। अन्य जिल्लावाट प्रकाशित हुने स्थानीय पत्रिकाहरू आउने हुँदा सन्दर्भ मिल्ने र ताजा समाचारहरू यहाँका पत्रिकाका स्रोतहरू हुने गरेका छन्।[६]

अन्य ठाउँवाट प्रकाशित समाचारलाई नक्कल गरेर आफ्नो प्रकाशनगृहको सम्वाददाताको नाममा राख्ने परम्परा पनि वढी नै देखिन्छ। धेरै खवरहरू दैनिक पत्रिकाले समेट्ने हुँदा साप्ताहिक पत्रिकालाई विषय नपाएर अप्ठेरो पनि परेको छ। त्यस्तो अवस्थामा वा विषयवस्तु नभएको वेला अन्य पत्रिकाका धेरै लेख वा फिचरहरू सौजन्य स्वरूप स्थानीय पत्रिकामा आउने गरेका छन्। औपचारिक कार्यक्रम नभएको वेला समाचारको खडेरी पर्ने गर्दछ।

---

६ कर्णदेव भट्ट, रामवहादुर चन्द, खेम भण्डारीसँगको कुराकानीवाट।

दैनिक पत्रिकामा १० जनासम्म स्टाफहरू रहेका छन्। साप्ताहिकमा काम गर्नेहरू प्रायः २-३ जना मात्र हुन्छन्। तर पनि प्रायः सवै काम सम्पादक/प्रकाशकले नै गर्दैआएका छन्। महेन्द्रनगरको *रहस्यदर्शी* साप्ताहिकमा संलग्न हुनेहरू ७-८ जना छन् तापनि रिपोर्टिङ् र कम्प्युटरमा काम गर्नेहरू २-३ जना मात्र छन्। पुरानो पत्रिका भनेर चिनिँदै आएको *महाकाली*मा ४-५ जना देखिए पनि २ जना मात्र सकृय छन्। धनगढीको साप्ताहिक *हाम्रो परामर्श* र *सुदूर सन्देश* पत्रिकाहरूमा युवा पुस्ताको वढी संलग्नता छ। क्याम्पस पढ्दै गरेका युवाले मिलेर काम गरेका हुँदा आम्दानी भएसम्म वाँडेर लिने र विज्ञापन नआउँदा त्यही पैसावाट थप अङ्क प्रकाशित गर्ने गरेका छन्। दैनिक पत्रिकामा काम गर्नेहरूले पनि साप्ताहिक पत्रिकालाई सघाउँदै आएका छन्।

पत्रिकामा काम गर्नेहरू सवै स्थानीय व्यक्तिहरू छन्। धनगढी र महेन्द्रनगरभन्दा वाहिरवाट आएर पत्रिका चलाउन सक्ने स्थिति छैन। नयाँ पुस्ताहरू पुराना पुस्ताले सहयोग नगरेको आरोप लगाउँछन् भने पुरानाहरू नयाँ पुस्ताहरू अध्ययन नगर्ने, रातारात माथि पुग्न खोज्ने, परिश्रम नगर्ने तर वढी महत्वाकांक्षी भएका कारण पत्रकारहरूको छवि राम्रो नभएकाले चिन्तित छन्। पत्रकारितालाई आफ्नो निहित स्वार्थका लागि प्रयोग गर्ने पत्रकारहरू पनि छन्। यस क्षेत्रमा त्यसैले नयाँ जनशक्तिले तिनीहरूवाट के आशा गर्ने? यी वाहेक जागिरे भएर पत्रिका चलाउनेहरू पनि भेटिन्छन्।

पत्रकारिताको औपचारिक अध्ययन गरेका एक जना तेजवहादुर भण्डारी मात्र हुन्। उनी वाहेक पुराना पत्रकार रामवहादुर चन्दले भारतवाट २ वर्षे तालिम र खेम भण्डारीले नेपाल प्रेस इन्स्टिच्युटको १० महिने पत्रकारिता तालिम लिएका हुन्। अनि अरू केहीले पत्रकारिताको आधारभूत १-६ हप्ते तालिम मात्र लिएका छन्। तर यो क्षेत्रमा लाग्नेहरू प्रायः सवैले क्षेत्रीय सञ्चार स्रोतकेन्द्र नेपालगञ्जवाट कुनै न कुनै तालिम लिएका छन्। यस पेसामा लाग्नेहरूमा पुरानाहरूको शैक्षिक योग्यता स्नातकसम्म देखिन्छ भने नयाँ पुस्ताकाहरू प्रमाण पत्र र स्नातक तहमा पढ्दै छन्। यसरी पढ्दै फुर्सदको समयमा पत्रकारिता गर्नेहरूको सङ्ख्या धेरै नै रहेको छ।

पत्रकारितामा लाग्नेहरू प्रेसका मालिक वाहेक वाहिरी जिल्लाका सम्वाददाता र हकरसम्म गन्दा महेन्द्रनगरमा २०० र धनगढीमा १०० जना छन्। यो सङ्ख्या राष्ट्रिय र स्थानीय दुवै क्षेत्रमा संलग्न हुनेहरूलाई समेत राख्दा हुन आउँछ। क्रियाशीलको सङ्ख्या महेन्द्रनगरमा वढी छन।[७] विशेष गरेर नयाँ पुस्तामा आफ्नो प्रभुत्व वा क्षमता देखाउने भन्दा पत्रिकामा छापिने नाम प्रतिको मोह वढी रहेको छ।

केही पत्रिकामा काम गर्ने जनशक्ति दलित भएपनि आफूलाई दलित हुँ भन्ने गर्दैनन्। महिलाहरूको पत्रकारितामा उपस्थिति नै नभएकोले कतै उनीहरूले चासो नदेखाएको हो कि भन्ने अनुमान गर्न सकिन्छ। थारू समुदायका व्यक्तिहरू पनि यस पेसामा छैनन्। अनि एउटै पत्रिका चलाएर स्थापित हुनेभन्दा नाम वा संस्था फेरेर पत्रकारिता गर्नेहरू यस क्षेत्रमा केही वढी नै छन्। उदाहरणका रूपमा हेर्दा कर्णदेव

---

७ राजेन्द्रनाथ, कर्ण वोहरा, डा. देवी प्रसाद ओभा, खेम भण्डारीसँगको कुराकानीमा आधारित।

भट्टले *नयाँमुलुक* साप्ताहिक र डि.आर.पन्तले *गुडमर्निङ* चलाउँदै आएकोमा अहिले कर्णदिव *फारवेष्ट टाइम्स* र डि.आर. पन्त *नयाँ मुलुक*सँग आवद्ध छन्। गणेश महरले *गुडमर्निङ* छोडेर *फारवेष्ट टाइम्स* र त्यसपछि *सहकर्मी* साप्ताहिकमा काम गर्दै आएका छन् भने खेम भण्डारीले पहिला *चुरे टाइम्स* दैनिकमा काम गरेपछि त्यसलाई छोडेर *अभियान* दैनिक चलाउँदै आएका छन्। यसरी एउटै पत्रिकामा टिक्न नसक्नुमा महत्वकाङ्क्षा वढी हुनुको साथै प्रकाशकहरूको मातहतमा काम गर्न अप्ठेरो भएको सङ्केत ती धेरै ठाउँ छोड्नेहरूले देखाएका छन्। यो रोग धनगढीमा पनि देखिन्छ। यस्तो स्थिति हावी हुनुमा आर्थिक पक्ष पनि जिम्मेवार देखिन्छ। विज्ञापन उठाउने, पैसा वटुल्ने र पत्रिका छोडेर नयाँ पत्रिका चलाउनेहरू वढिरहेका छन्।

साप्ताहिक रूपमा प्रकाशित हुने पत्रिकाका पत्रकारहरू प्रायः गरेर राजनैतिक पार्टीसँग आवद्ध भएका छन्। यीमध्ये *महाकाली, हाम्रो परामर्श* र *रहस्यदर्शी* काङ्ग्रेस पार्टीसँग नजीक छन् भने *श्री सार्थक, सुदूर सन्देश* वामपन्थी झुकाव भएका पत्रिकाहरू हुन्। पार्टीको कामको अलावा पत्रिका पनि चलाएका छन्। पत्रिकामा काम गरेर मात्र गुजारा नचल्ने, भनेजस्तो काम नपाइने हुनाले पनि पार्टी र पत्रकारिता चलाउने गरेका छन्। रोजगारीका सम्भावना कम, उद्योगधन्दा नहुनुले पनि केही काम नपाएपछि पत्रकारिता गर्नेहरूको जमात वढेको छ।

पत्रकारिताको अध्ययन गर्नका लागि यी ठाउँमा कुनै सुविधा छैन। त्रिभुवन विश्वविद्यालय, अन्य विश्वविद्यालय र उच्चशिक्षा परिषद्ले पनि पत्रकारिताको पढाइ गराउन कुनै प्रयासहरू गरेका छैनन्। क्षेत्रीय सञ्चार स्रोत केन्द्र र नेपाल पत्रकार महासङ्घको शाखा कार्यलयले मिलेर वर्षमा १, २ ओटा तालिम प्रशिक्षण दिने गरेका छन्। क्षेत्रीय सञ्चार स्रोतकेन्द्रले १-६ हप्ताको आधारभूत पत्रकारिता तालिम दिएर धेरैलाई लाभान्वित पनि वनाएको छ। तर तालिमहरूमा खासै विविधता छैन। २, ४ वर्षदेखि एउटै प्रकृतिको प्रशिक्षण दिइरहेका छन्। नयाँ प्रशिक्षण लिन काठमाडौं वा अन्य ठाउँमा (दिल्ली, कलकत्ता) नै जानुपर्ने वाध्यता छ। पौष २०५८ सम्ममा २०० जना भन्दा वढी व्यक्तिले प्रशिक्षण पाइसकेका छन्। दुवै ठाउँमा गरेर तालिम प्राप्त मध्येका ५० जना जति क्रियाशील देखिन्छन्। नेपाल पत्रकार महासङ्घका शाखाहरूले गोष्ठी वाहेक अन्य तालिम दिलाउनेतर्फ ध्यान दिन नसकेको गुनासो नयाँ पुस्ताका पत्रकारहरूको रहेको छ। यी शाखाहरूले केही चासो लिएमा क्षेत्रीय सञ्चार स्रोतकेन्द्रसँग मिलेर उल्लेखनीय सहयोग प्रदान गर्न सक्ने सम्भावना विद्यमान छ।[८]

## वितरणको भूगोल

यहाँवाट प्रकाशित हुने पत्रिकाहरूले अन्य ठाउँको जस्तै आफ्नै वजार क्षेत्र र वरिपरिका गाउँलाई समेटेर विक्री वितरण गर्ने गरेका छन्। प्रत्येक प्रकाशन गृहले वजार व्यवस्थापक भनेर राख्ने गरेपनि ती व्यवस्थापकहरू धनगढी र महेन्द्रनगरभन्दा वाहिर जान सकेका छैनन्। वजार व्यवस्था प्रवर्द्धन गर्न वितरण प्रणाली चुस्त

---

[८] चित्राङ्ग थापा, उमिद वागचन्द, डिवी छत्याल, राजेन्द्रनाथसँगको कुराकानीमा आधारित।

वनाउनुपर्ने हुन्छ। महेन्द्रनगर र धनगढी दुवै ठाउँका पत्रिकाहरूले केही पहाडी जिल्लाहरूलाई आफ्नो कार्यक्षेत्र वनाए पनि पत्रिकाले पाठकहरू वढाउन सकेका छैनन्। पत्रिकाका सम्वाददाताहरू ती क्षेत्रमा भएकाले यातायात पुगेका ठाउँमा पत्रिका पठाउने गरिएको छ। दैनिक पत्रिकालाई अन्य जिल्लामा पठाउन यातायातका कारणले असुविधा हुने गरेको छ जसले गर्दा आजको पत्रिका भोलिपल्ट मात्र पुग्ने गरेकाले पनि ती ठाउँमा दैनिक पत्रिकाभन्दा साप्ताहिक पत्रिकाको वढी खोजी हुने गर्दछ।

धनगढीवाट प्रकाशित *श्री नेपाल टाइम्स* १०-२० प्रति सीमापारि भारतीय कार्यालयहरूमा पनि जाने गरेको छ। तीवाहेक व्यापारिक दृष्टिकोणले भारतका अन्य ठाउँहरूमा भारतीय पत्रिकाहरू यहाँ आएजस्तै गरेर गएका भने छैनन्।

यी दुई ठाउँवाट प्रकाशित पत्रिकाको सर्कुलेसन तालिका १ मा जति देखाइएको छ त्यति छैन। प्रत्येक प्रकाशन गृहले प्रकाशित प्रति वढाएर भन्ने गरेका छन्। त्यसैले धेरै अवस्थामा वितरित प्रति कति हो थाहा पाउनलाई मुस्किल हुन्छ। तर पनि पत्रिकाहरू विक्री नै नहुने भने होइनन्। महेन्द्रनगरमा प्रकाशकहरूवाट हकरहरूले किनेर आफ्नो तरिकाले ग्राहक वनाउने वा सिधै विक्री गर्ने गरेका छन्। तर धनगढीमा भने प्रकाशन गृहले नै हकरहरू राखेर पत्रिका विक्री वितरण गरिरहेका छन्।

दार्चुला, वाजुरा र वभाङ्गमा दोस्रो दिन र वैतडी, डडेलधुरा, डोटी र अछाममा प्रायः गरेर त्यही दिन पत्रिका पुग्ने गरेका छन्। पत्रिकाले दिने विषयवस्तुले कतिपय अवस्थामा काठमाडौंका पत्रिकामा निस्केका विशेषगरी राष्ट्रिय स्तरका विषयलाई हुवहु लेख्ने अभ्यासले सचेत र जिज्ञासु पाठक वनाउन सकेका छैनन्। आफूखुसी रूपमा पत्रिका किनेर पढ्ने मान्छे ज्यादै कम मात्र छन्। सहरी क्षेत्रका वासिन्दालाई मात्र लक्ष्य गरेर पत्रिका प्रकाशित हुने गरेका छन्, तर तिनै लक्षित समूहले नै पत्रिका किन्ने गर्दैनन्। गाउँवाट झर्ने शिक्षक वा नयाँ समाचार वुझ्न खोज्नेहरूले मात्र यहाँको स्थानीय पत्रिका किन्ने गर्दछन्।

## विज्ञापन बजार

यस क्षेत्रका पत्रिकाको विज्ञापनको स्रोत भनेका सरकारी कार्यालयका सूचना र वोलपत्रहरू हुन्। ती वाहेक निजीस्तरका वोर्डिङ्ग स्कूल, उच्चमाध्यमिक विद्यालय, क्याम्पस, केही ट्रेनिङ इन्स्टिच्युट, मोटरसाइकल, ट्याक्टरका विक्रेताहरू रहेका छन्। व्यक्तिगत रूपमा दिइने शुभकामना सन्देश र समवेदनासम्वन्धी जानकारीहरू पनि विज्ञापनका स्रोत रहेका छन्। दुवै ठाउँका पत्रिकाहरूको विज्ञापनको दर प्रति सेमी प्रति कोलम ४० देखि ९० रूपैयाँ रहेको छ। तर नगरपालिका र जिल्ला विकास समितिले शुभकामना विज्ञापनको लागि प्रति विज्ञापन ३००-१००० रूपैयाँ उपलव्ध गराउँदै आएका छन्। अन्य विज्ञापनमा दुई पक्षवीच वसेर दर। तय हुन्छ। सरकारी विज्ञापनहरू पनि १० लाखभन्दा कमका मात्र स्थानीय पत्रिकाले छाप्न पाउने नियम छ। तर ४-५ लाख रकमको टेन्डरका विज्ञापनहरू हुनासाथ स्थानीय पत्रिकाले नपाई राष्ट्रियस्तरकै पत्रिकाहरूले पाउने गरेका छन्। जि.वि.स. र सडक विभागले दिने

विज्ञापनहरू सवै पत्रिकालाई दिन सक्ने स्थिति हुँदैन। कतिपय अवस्थामा राष्ट्रिय स्तरको पत्रिकालाई त्यस्तो विज्ञापन दिनुपर्ने वाध्यता रहेको ती कार्यालयहरूले जनाएका थिए। स्थानीय पत्रिकाहरूको गुनासो छ यी कार्यालयहरूले १० लाखभन्दा वढी रकम वनाउन ३-४ ओटा टेण्डरको प्याकेज वनाएर भएपनि काठमाडौंवाट प्रकाशित ठूलो पत्रिकाहरूलाई नै विज्ञापन दिन्छन्।[९]

अन्य सरकारी कार्यालयका विज्ञापनहरू मिश्रित रूपमा सवै पत्रिकाले पाउने गरेका छन्। दैनिक पत्रिकाहरूले वार्षिक रूपमा ५ लाखदेखि १० लाखसम्मको कारोवार गर्ने गरेका छन् भने साप्ताहिकले वार्षिक १-२ लाखसम्मको विज्ञापनको व्यापार गर्छन्। विज्ञापन दिएर पत्रिकालाई वढी सहयोग गर्नेमा कृषि विकास वैङ्क सुपरीवेक्षण तथा निरीक्षण कार्यालय रहेको छ। यी दुवै ठाउँ अञ्चल सदरमुकाम भएका साथै धनगढी क्षेत्रीय सदरमुकाम पनि भएकोले क्षेत्र र अञ्चलभरिका सवैजसो विज्ञापन यिनै स्थानीय पत्रिकाले पाउने गरेका छन्। शुभकामना विज्ञापन कहिलेकाहीँ स्थानीय पत्रिकाले भन्दा सीमापारिका *दैनिक जागरण* र *अमर उजाला*ले पाउने गरेका छन्। त्यस्ता विज्ञापन महेन्द्रनगरका सरकारी कार्यालयहरूवाट पनि जाने गरेका छन्। एक त नेपाली विज्ञापन भारत जानु, त्यसमाथि सरकारी कार्यालयवाट यस्तो कार्य हुँदा स्थानीय पत्रिकालाई फस्टाउन गाह्रो पर्छ।[१०]

स्थानीय व्यापारीहरूवाट पनि पत्रिकाले राम्रै विज्ञापन पाएका छन्। ती विज्ञापनहरूमध्ये प्रायः गरेर मोटरसाइकलका डिलर, स्पेयर पार्ट्सपुर्जाका पसल, कृषि सामग्रीका एजेन्सीहरूका प्रमुख छन्। महेन्द्रनगरमा *अभियान*ले नगरपालिकाको वढी विज्ञापन पाएको छ। *चुरे टाइम्स*लाई जि.वि.स.को प्रायः विज्ञापन जाने गर्दछ। काङ्ग्रेस पक्षको विज्ञापन *फारवेष्ट टाइम्स* दैनिक र *महाकाली* साप्ताहिकले पाउने गरेका छन् भने राप्रपाको व्यक्तिहरूको विज्ञापन *नयाँ मुलुक*ले वढी पाउँछ। त्यस्तै निर्माण व्यवसायसम्वन्धी विज्ञापन *फारवेष्ट टाइम्स* र *रहस्यदर्शी* साप्ताहिकले पाउने गरेका छन्।

धनगढीमा जि.वि.स.को विज्ञापन *हाम्रो परामर्श* साप्ताहिक, नगरपालिकाको विज्ञापन *सुदूरसन्देश* र अन्यमा पनि जाने गर्दछ। *सेती समाचार* र *नेपाल टाइम्स* दैनिकमा लाग्नेहरू पुराना र जाँगरिला भएकाले सवै ठाउँवाट विज्ञापन पाउने गर्दछन्। महेन्द्रनगरको तुलनामा धनगढीमा उद्योगहरू वढी भएपनि उद्योगको विज्ञापन स्थानीय पत्रिकाले भन्दा काठमाडौंका पत्रिकाले अधिक पाउने गरेका छन्। यहाँ विज्ञापन एजेन्सी नभएकाले सम्पर्क र फोनको भरमा विज्ञापन सङ्कलन गर्ने गरिन्छ। विज्ञापन उठाउन जानेहरूसँग स्पष्ट सीप र तालिम नभएकाले पनि विज्ञापन सङ्कलन हुन सकेको छैन। तर व्यावसायिक रूपमा अगाडि वढ्नुपर्छ भन्ने भावनाको विकास र केही अभ्यासहरू भने हुन थालेका छन्। तर यहाँका पत्रिकाहरूको वितरण र वजार ज्यादै सीमित भएकाले यी पत्रिकाहरूले संकलन गर्ने विज्ञापन विज्ञापनदाताहरूको

---

९ मनमोहन स्वाँर र करूणाकर पाण्डेसँगको कुराकानीवाट।

१० डि.आर पन्त, करूणाकर पाण्डे, तेजवहादुर भण्डारी, कर्णदेव भट्टको कुराकानीमा आधारित।

स्वतस्फूर्त इच्छा र व्यावसायिक चाहनाभन्दा वढी सम्पादक/प्रकाशकहरूका करकापवाट सङ्कलित हुन्छन्।

हालको स्थितिमा नियमित रूपमा पत्रिकाहरू प्रकाशित हुन कतिसम्म विज्ञापन आउनुपर्छ र कति समयलाई पुग्छ भन्ने वारेमा आ-आफ्ना आंकडा र तथ्याङ्कहरू छन्। तर पनि यस क्षेत्रमा विज्ञापनको आयतन कति भएमा पुग्ने गर्छ भन्नलाई पत्रिकाको आकार र व्यवस्थापनमा पनि भर पर्ने गर्दछ। टेवुलाइड साइजको ४ पेजमा १ पेज विज्ञापन भएमा दैनिक रूपमा पत्रिका धान्न सक्ने देखिन्छ। दैनिक पत्रिकाको एक अङ्कको लागि सवै खर्च जोड्दा ३ हजार लाग्ने र त्यसवाट ५०० प्रतिलाई पुग्छ। यसरी हेर्दा विज्ञापनवाट दुई हजार पाउनै पर्ने हुन्छ त्यो नभएमा घाटामा जाने निश्चित छ।[११]

यहाँवाट प्रकाशित सवै पत्रिकाको आर्थिक स्रोत विज्ञापन भएपनि सवैले विज्ञापन पाउन सकेका छैनन् तर पनि पत्रिकाहरू चलिरहेका छन्। सवैभन्दा वढी विज्ञापन पाउने धनगढीको *श्री नेपाल टाइम्स* र महेन्द्रनगरको *फारवेष्ट टाइम्स* र *अभियान* दैनिक घाटामा गएको वताइन्छ। यी पत्रिकाहरूले सुदूरपश्चिमाञ्चल विकास क्षेत्रका सवै विज्ञापन पाउने गरेपनि घाटामा गएको भनिन्छ जवकि *फारवेष्ट टाइम्स* र *अभियान*का आफ्नै प्रेसहरू छन्। यी प्रेसले आफ्नो पत्रिका मात्र चलाएर वाँच्न सक्ने आधार कम भएको देखिन्छ। छापाखानाको अन्य कामहरूले जेनतेन पत्रिकाको घाटालाई धानिरहेका छन्। त्यसैले प्रेस नहुनेहरूलाई पत्रिका चलाउन धौ धौ परेको छ। पत्रिकाको निरन्तरतासँग सामाजिक प्रतिष्ठा पनि जोडिएकोले वन्द गर्दा इज्जतको ख्याल गर्नुपर्ने हुन्छ भन्ने सोच धेरै सम्पादक/प्रकाशहरूको छ।[१२] तर पत्रिका टिक्नलाई कम्तीमा पनि वार्षिक करिव पाँच लाख विज्ञापनको कारोवार गर्नुपर्ने हुन्छ। यो स्थिति दैनिक पत्रिकाको लागि भएपनि साप्ताहिक पत्रिकाको हालत भने फरक छ। साप्ताहिक पत्रिका चलाउनेहरूले वढी विज्ञापन पाएका छन्।

धनगढीवाट प्रकाशित हुने *हाम्रो परामर्श* र *सुदूर सन्देश* साप्ताहिकहरूलाई पार्टीका व्यक्तिहरू, जो स्थानीय निकायका प्रमुख पनि हुन्, उनीहरूले नै सहयोग (विज्ञापन) गरेको कुरा धेरैवाट लुक्न सकेको छैन। त्यसैले ती वाहेकका नियमित रूपमा चल्न खोज्ने पत्रिकाहरूलाई विना विज्ञापन चल्न गाह्रो पर्ने देखिन्छ। त्यस्तै महेन्द्रनगरवाट नियमित प्रकाशित साप्ताहिकलाई सवैतिरवाट विज्ञापन उपलव्ध भइरहेका छन्। यी मध्येमा *रहस्यदर्शी* सामाजिक प्रतिष्ठाका दृष्टिले, *महाकाली* र *श्री सार्थक*ले पार्टीका रूपमा र *सहकर्मि*ले जातीय सङ्घ संस्थावाट विज्ञापन पाइरहेकै छन्।

## स्थानीय निकाय र खोज पत्रकारिता

स्थानीय निकाय र स्थानीय सरकारको काम कार्वाहीका वारेमा पत्रकारिताले पहरेदारको रूपमा काम गरेको हुन्छ भन्ने मान्यता रहे पनि यस क्षेत्रमा स्थानीय

---

११ कर्णदेव भट्ट, तेजवहादुर भण्डारी, खेम भण्डारीसँगको कुराकानीवाट।

१२ धनवहादुर शाह, करुणाकर पाण्डे, कर्णदेव भट्टसँगको कुराकानीवाट।

पत्रिकाले ती निकायहरूको कार्यशैली प्रति रिपोर्टिङ ज्यादै कम गर्ने गरेका छन्। सूचना लिने र दिने सवालमा यी निकायवीच तारतम्य मिल्न सकेको छैन। एकले अर्कालाई दोष थुपार्ने मात्र काम वढी भएका छन्। नागरिकहरूसँग प्रत्यक्ष सरोकार राख्ने संस्था जिल्ला प्रशासन, अदालत, वन कार्यालय, विद्युत्, खानेपानी, प्रहरी कार्यालयहरूले आफ्ना कार्यालयमा हुने गरेका दैनिक कार्यहरू वाहेक विशेष कार्यक्रमहरूलाई महत्त्व दिएर सूचना दिने गरे तापनि त्यस्ता समाचारहरू स्थानीय पत्रिकाले समेट्ने गरेका छैनन्।[१३] ती निकायहरूमा प्रवक्ता भने छैनन्। सहज रूपमा प्रेसलाई डाकेर सूचना दिने काम धेरै कम हुने गर्दछ। तर रासस, टिभी, रेडियो साथै राष्ट्रिय स्तरका पत्रिकाका सम्वाददातालाई भने स्थानीय निकायहरूले सकारात्मक सहयोग गर्छन् र सूचना सजिलै उपलव्ध गराउँछन्। स्थानीय पत्रिकाहरूलाई पत्रिका नै नगन्ने प्रवृत्तिले गर्दा पनि यस्तो भएको हो। त्यसैले यहाँका पत्रिकाले व्यक्तिगत सम्पर्कका आधारमा मात्र सूचनाहरू सङ्कलन गर्ने गरेका छन्।[१४]

स्थानीय तहमा हुने अनियमितता, ढिलासुस्तीलाई भन्दा पनि औपचारिक कार्यक्रमहरू, भाषणहरूलाई नै स्थानीय पत्रिकाहरूले समेटेका छन्। जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालय वाहेक अरू कार्यालयहरू मिडियावाट टाढा हुन मन पराउँछन्। मिडियाको नजिक भएमा आफ्ना गल्तीहरू वाहिर आउँछन् कि भन्ने डर यी कार्यालयहरूमा व्याप्त छ। तर स्थानीय पत्रिकाले आफ्नो क्षमता र ज्ञानले भ्याएसम्म स्थानीय निकायहरू माथि खोज पत्रकारिताका केही प्रयास गरेका छन्। धनगढीवाट प्रकाशित हुने दुवै दैनिकले सामुदायिक वनसम्वन्धी लेखलाई एक महिनासम्म निरन्तरता दिने काम गरेका थिए (*श्री नेपाल टाइम्स,* भदौ २०५८, *सेती समाचार* साउन २०५८)। यस्तै गरेर नेपाल टाइम्सले कृषि विकास वैङ्क सुपरीवेक्षण तथा निरीक्षण कार्यालयले टेण्डर दिंदा गरेको अनियमितता र प्रहरी प्रशासनले केटीहरूलाई वेपत्ता पारेको समाचार र फिचरहरू पनि दिएको थियो। विशेष गरी यस भेकमा खोज पत्रकारितालाई आर्थिक अनियमितता र अपराधिक गतिविधिसँग जोड्ने गरिएको छ। यस्तै गरेर महेन्द्रनगरवाट प्रकाशित दैनिकहरूमा विशेष गरी *फारवेष्ट टाइम्सले* सामाजिक विकृति र अपराधसम्वन्धी खोजमूलक सामग्री र फिचरहरू पनि वेलावेलामा दिंदै आएको छ। नयाँमुलुक दैनिकले पनि जिल्ला विकास समिति र आरक्ष पीडितहरूको समाचारलाई साउन महिनाभरि निरन्तरता दिएको थियो।

वेलावेलामा स-साना खोजमूलक समाचारहरू आएका छन्। तिनीहरू तथ्यपरक र विश्लेषणात्मक तरिकाले पुष्टि भएका छैनन्। सामूहिक वनसम्वन्धी विषयलाई *सेती समाचारले* राम्रैसँग समेटेको थियो। त्यस्तै धनगढीका दैनिक पत्रिकाहरू चलाउनेहरू मनमोहन स्वाँर र करूणाकर पाण्डे दुवै राष्ट्रियस्तरका पत्रिकाका सम्वाददाता भएकाले पनि केही फिचरहरू लेख्ने प्रयास भएका छन्। पुराना पत्रकारले केही खोजमूलक फिचरहरू दिन खोजेका देखिन्छन्। तर महेन्द्रनगरमा खोज पत्रकारिता

---

१३ विनोद खनाल, भानदेव वडु, रामनारायण यादवसँगको कुराकानीवाट।

१४ डिवि छत्याल, मनमोहन स्वाँर, खगेन्द्र पन्त करूणाकर पाण्डे, विनोद खनाल, ऋषिराज लुम्साली, योगेन्द्र ओभासँगको कुराकानीवाट।

गर्नेहरू कमै मात्र देखिन्छन्। उमिद वागचनले वीवीसी नेपाली सेवाको रेडियो कार्यक्रमका लागि दलित, कमैया र गौरापर्वसम्वन्धी करिव १० मिनेट लामो खोजमूलक फिचर प्रस्तुत गरिसक्नु भएको वताउनुहुन्छ। रेडियोवाहेक *स्पेसटाइम* दैनिकमा वन फडानीसम्वन्धी केही खोजमूलक समाचार छापेका छन्। पूर्णरूपमा खोजपत्रकारिता गरेर समाजमा आमूल परिवर्तन ल्याउन नसकेपनि ठाउँ अनुसारको आफ्ना दक्षताले भ्याएसम्मका खोज पत्रकारिताका अभ्यासहरू भएका छन्। तालिम र उचित प्रशिक्षण नपाएकाले खोजी पत्रकारिता कार्यहरू अवरूद्ध भएका हुन सक्छन्। पत्रकार स्वयं राजनीतिक पार्टीसँग आवद्ध भएकाले राजनीतिक रूपमा हुने अनियमितताहरू मिडियामा आउन सकेका छैनन्।

महेन्द्रनगरको तुलनामा धनगढीमा खोज पत्रकारिता केही हदसम्म फस्टाउन खोजेको जस्तो छ। *श्री नेपाल टाइम्स* र *सेती समाचार* दैनिकले खोज पत्रकारितालाई अघि वढाउन धेरै प्रयास गरेका छन्। त्यसमा पनि *कान्तिपुर* दैनिकको धनगढी सम्वाददाता रहेका *सेती समाचार*का सह-सम्पादक मनमोहन स्वाँर र *हिमालय टाइम्स*को पनि सम्वाददाता रहेका *श्री नेपाल टाइम्स*का प्रधान सम्पादक करुणाकर पाण्डेवाट केही प्रयासहरू भएका छन्। जसमा विषेश विभिन्न सरकारी निकाय, वैंङ्क, जिविस, नगरपालिका, दूरसञ्चार, प्रहरी कार्यालय, वन कार्यालयसम्वन्धी खोजपूर्ण लेखहरूलाई उनीहरू सम्वन्धित पत्रिकामा प्रकाशित गरिएका छन्। यी उदाहरणहरूले पनि स्पष्ट सङ्केत दिन्छन्। समय दिएर लागि परेमा खोज पत्रकारिता हुन सक्ने प्रशस्तै सम्भावनाहरू छन्। तर कटिवद्ध भएर लाग्ने मानवीय र आर्थिक स्रोतको अभाव वारे अगाडि नै धेरै चर्चा गरिसकिएको छ।

खोज पत्रकारिता कस्तो पत्रिकाले गर्ने भन्ने वारेमा पनि अन्यौल देखिन्छ। दैनिक पत्रिकाहरू नियमित समाचार दिने मात्र कुरा गर्दछन् भने साप्ताहिकमा त्यो गर्न सक्ने जनशक्ति नै उपलव्ध छैनन्। अनि दुवै प्रकारका प्रकाशन गृहहरू आवश्यक साधन स्रोत र प्रशिक्षण जुटाउने अवस्थामा छैनन्। र व्यक्तिगत तवरवाट यस्ता अभ्यासहरू सम्भव हुने पनि देखिदैन।

जवसम्म पत्रकारहरू आर्थिक रूपमा समृद्ध हुन सक्दैनन् तवसम्म खोज पत्रकारिताले फड्को मार्न सक्दैन। खोजपत्रकारिता स्वयं आफैमा रिपोर्टिङ्ग मात्र नभई अनुसन्धान पनि हो र यसका लागि धैर्यता, योग्यता, कुशलता पनि हुनु आवश्यक छ। तर यहाँका पत्रकारहरूमा यी सवै गुणहरू नहुनुका साथै कुनै सुविधा सहुलियत पाउन नसकेका कारण खोज पत्रकारिता फस्टाउन सकेको छैन।

## निष्कर्ष

सुदूरपश्चिमका पत्रिकाहरू सङ्ख्यात्मक हिसावले धेरै देखिए पनि स्तरीय समाचार र विषयवस्तुको दृष्टिकोणवाट पत्रिकाको अभाव नै छ। लेखनकला र छनौटका कारणले पनि पत्रिकाहरूले स्तरीयता देखाउन सकेका छैनन्। निजी लगानीका एकल प्रयासवाट पत्रिकाहरू चलिरहे पनि व्यवस्थापनमा भने चुस्तपना पाइँदैन। तर संस्थागत रूपमा मिडियाको विकास गर्नलाई आवश्यक पूर्वाधार नरहेको अवस्थामा

पत्रिकाहरू चल्नुलाई सकारात्मक पक्ष मान्नु पर्छ। सरकारी तवरवाट पत्रिकालाई दिइने सुविधामा मात्र केही वढाउन र स्थानीय पत्रिकासँग सम्वन्धित सरकारी मापदण्डलाई खुकुलो मात्र वनाउन सकेमा पनि यस क्षेत्रमा पत्रकारिताले उकालो लाग्न सक्ने प्रशस्त सम्भावनाहरू छन्। सरकारी नीति नियमहरूले राजधानी वाहिरका पत्रकारितालाई टेवा दिनुको सट्टा हतोत्साही वनाएका छन्। पैसा लगानी गरेको र एक महिने पत्रकारिता तालिम गरेको भरमा आफूलाई प्रकाशक सम्पादक भन्ने परिपाटीले पत्रकारिताको स्तरलाई खस्काएको छ। पत्रकारिता पेसा छोटो समयमा नै उचाइमा पुग्न सकिँदैन, त्यसको लागि श्रम र धैर्यताको पनि आवश्यकता पर्दछ। तर यस क्षेत्रमा लागिपरेका नव पत्रकारहरू आवश्यक लगानी र परिश्रम नै नगरी आफूलाई सम्पादकको हाराहारीमा हेर्न मनपराउँछन्।

दैनिक र साप्ताहिक पत्रिकाहरू स्वस्थ र व्यावसायिक तरिकाले विज्ञापन संकलन गर्ने भन्दा कमिशनको भरमा मोटो रकम असुल्ने प्रवृत्तिमा अल्भेका छन्। यस्तै असामाजिक व्यवहारले गर्दा विज्ञापनदाताहरू स्थानीय पत्रिकाका अभ्यासप्रति निरास छन्। वजार, पाठकहरूलाई हेरेर पत्रिका निकाल्नुभन्दा पनि आफ्नो धाक र रवाफ देखाउनलाई नै पत्रिका चलाउने मानसिकता यहाँ पाइन्छ। त्यसैले वजारक्षमता अनुरूप नभएर विभिन्न व्यक्तिको रूचि र आवश्यकताअनुसार यस क्षेत्रमा पत्रिकाहरू प्रकाशित भएका छन्।

पत्रिकाहरूको सङ्ख्यात्मक वृद्धि हुनु, केही पत्रिकाहरू नियमित प्रकाशित हुनु साथै पाठकहरू वढ्नु सकारात्मक पक्ष भएपनि स्थानीय पत्रिकाका अस्वस्थ प्रतिस्पर्धा र अमर्यादित अभ्यासले गर्दा पत्रकारिताप्रति स्थानीय समाजको दृष्टिकोण नकारात्मक छ। मिडिया प्रति चासो राख्ने योग्य र दक्षव्यक्ति यस क्षेत्रमा नआउनु पनि पत्रकारिताको लागि दुःखको कुरा मान्नुपर्दछ। यिनै विभिन्न कारणहरूले गर्दा नीति निर्माणका पक्षवाट यही क्षेत्रका लागि भनेर कुनै कार्यक्रमहरू नल्याएसम्म वास्तविक रूपमा सुदूरपश्चिमको पत्रकारिताले छलाङ मार्न सक्दैन। यसका लागि मिडियासँग सम्वन्धित सरकारी गैरसरकारी र निजी लगानीकर्ताहरूलाई समेत समेटेर अगाडि वढ्नु जरूरी छ। यसो हुन सकेमा सुदूरपश्चिमको मिडिया सही मार्गतर्फ लम्कने थियो।

## सम्पर्क गरेका व्यक्तिहरु

### धनगढी

| | |
|---|---|
| १. करूणाकर पाण्डे | प्रधान सम्पादक *श्री नेपाल टाइम्स*, सम्वाददाता *हिमालय टाइम्स* |
| २. खडकवहादुर शाही | जि.वि.स. कैलाली |
| ३. खेमराज पाण्डे | शिक्षक |
| ४. दानवहादुर थापा | पाठक, शिक्षक |
| ५. दीर्घराज उपाध्याय | सम्वाददाता, *श्री नेपाल टाइम्स* दैनिक, *राजधानी* |
| ६. धनवहादुर शाह | सम्पादक, *सेती समाचार* दैनिक |
| ७. नारायणप्रसाद मिश्र | जि.वि.स. *सभापति* कैलाली |

| | | |
|---|---|---|
| ८. | विश्वराज पौडेल | *हाम्रो परामर्श* साप्ताहिक |
| ९. | विपिन आचार्य | स्टेशनरी पसले |
| १०. | विश्वराज पाण्डे | व्यापारी |
| ११. | मनमोहन स्वाँर | सह-सम्पादक, *सेती समाचार* दैनिक, सम्वाददाता *कान्तिपुर* |
| १२. | मानवहादुर विष्ट | हकर |
| १३. | योगेन्द्र ओझा | जि.वि.स. कैलाली |
| १४. | रामलाल जोशी | प्रकाशक सम्पादक, *हाम्रो परामर्श* साप्ताहिक |
| १५. | रामप्रसाद भट्ट | पाठक |
| १६. | रामनारायण यादव | वन कार्यालय, कैलाली |
| १७. | राजीव श्रेष्ठ | शिक्षक |
| १८. | हरिप्रसाद भट्ट | पाठक |
| १९. | हेमन्त पौडेल | प्रकाशक सम्पादक, *सुदूर सन्देश* साप्ताहिक |
| २०. | हेमवहादुर चटौत | व्यापारी |

**महेन्द्रनगर**

| | | |
|---|---|---|
| १. | आत्माराम ओझा | स्तम्भकार |
| २. | उमिद वागचन्द | सम्वाददाता, *रेडियो नेपाल, वीवीसी* नेपाली सेवा |
| ३. | कर्णदेव भट्ट | सम्पादक/प्रकाशक *फारवेष्ट टाइम्स* |
| ४. | कर्ण वोहरा | सम्वाददाता *फारवेष्ट टाइम्स* |
| ५. | खगेन्द्र पन्त | सम्वाददाता, *अभियान* दैनिक, *राजधानी* |
| ६. | खेम भण्डारी | सम्पादक/प्रकाशक *अभियान* दैनिक |
| ७. | गणेश महर | सह-सम्पादक *सहकर्मी* साप्ताहिक |
| ८. | चित्राङ्ग थापा | सम्वाददाता, *कान्तिपुर* दैनिक |
| ९. | डि.आर. पन्त | सम्पादक, *नयाँ मुलुक* दैनिक |
| १०. | डि.वि. छत्याल | कार्यकारी सम्पादक, *नयाँ मुलुक* दैनिक |
| ११. | तेजवहादुर भण्डारी | प्रकाशक/प्रधान सम्पादक *नयाँ मुलुक* दैनिक |
| १२. | डा. देवीप्रसाद ओझा | स्तम्भकार |
| १३. | नारायणवहादुर चन्द | व्यवस्थापक, महाकाली न्यूज सेन्टर |
| १४. | डा. नेत्रराज चटौत | व्यवस्थापक, महाकाली नर्सिङ क्याम्पस |
| १५. | पुरन थापा | सम्पादक/प्रकाशक *रहस्यदर्शी* साप्ताहिक |
| १६. | वलदेव अवस्थी | व्यवस्थापक, कञ्चन विज्ञापन सेवा |
| १७. | विनोद खनाल | सहायक प्रमुख जिल्ला अधिकारी |
| १८. | भाउपन्थी | स्तम्भकार |
| १९. | भानदेव वडु | प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय |
| २०. | माधव जोशी | व्यापारी |
| २१. | माधव धामी | सह-सम्पादक *महाकाली* साप्ताहिक |
| २२. | रवि धामी | सम्वाददाता, *फारवेष्ट टाइम्स, हिमालय टाइम्स* |
| २३. | रामवहादुर चन्द | प्रकाशक, *चुरे टाइम्स* दैनिक |
| २४. | रामवहादुर भट्ट | व्यापारी |
| २५. | ऋषिराज लुम्साली | जि.वि.स. सभापति। |
| २६. | राजेन्द्रनाथ | *सम्वाददाता, चुरे टाइम्स, नेपाल समाचारपत्र,* काठमाडौं। |
| २७. | लक्ष्मीप्रसाद जोशी | सम्पादक, *महाकाली* साप्ताहिक |

## सन्दर्भ सामग्री

ओझा, डा. देवीप्रसाद। २०५५। सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको पत्रकारिता र यसका चुनौतीहरू। *पत्रकारिता र यसका चुनौतीहरू*, पृ. १-७। काठमाडौं: प्रेस काउन्सिल नेपाल।

नयाँमुलुक दैनिक। २०५८। आरक्षमा भ्रष्टाचार भएको दावी। ४ साउन, पृ. १।

नयाँ मुलुक दैनिक। २०५८। परिषद् र बोर्डकाबीच तालमेल छैन। ४ भदौ, पृ. १।

नाथ, राजेन्द्र। २०५८। कञ्चनपुरका १० गाविसमा इन्टरनेट सेवा। *नेपाल समाचारपत्र*, ४ माघ, पृ. ७।

फारवेष्ट टाइम्स। २०५८। श्रीमानद्वारा बेचीएकी गङ्गा घर फर्कन सफल। २० भदौ, पृ. १।

फारवेष्ट टाइम्स । २०५८। तस्करीको नौलो नमुना! २७ भदौ, पृ. १।

फारवेष्ट टाइम्स। २०५८। यार्चा गुम्बाको तस्करी। ३१ साउन, पृ. १।

सेती समाचार। २०५८। कर्णाली नदीमा डल्फिन। ३१ जेठ पृ. १।

सेती समाचार। २०५८। दलितहरूकै बाहुल्यमा अलग अलग कुवा। २ जेठ, पृ. १।

श्री नेपाल टाइम्स। २०५७। कृषि विकास बैङ्क सुपरीवेक्षण तथा निरीक्षण कार्यालयमा भ्रष्टाचार। २६ पौष, पृ. १।

श्री नेपाल टाइम्स। २०५७। प्रहरीकै संरक्षणमा केटीहरू वेपत्ता। १७ मार्ग, पृ. १।

श्री नेपाल टाइम्स। २०५८। अतिक्रमित वनलाई पुनः सामूदायिक वनमा परिणत गने प्रक्रिया सुरु। ३, ५, १०, १२ भदौ, पृ. १।

●